# रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय


खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
Website: www.ribdikotmun.gov.np


प.सं. ०७९/०८०
च.नं.

**डोजर भाडामा लिने सम्बन्धी सूचना !**
(प्रथम पटक प्रकाशित मितिः २०८०।०३।१७)

प्रस्तुत विषयमा यस गाउँपालिका भित्रका स्थानमा आगामी बर्षामा पहिरो गई सडक अवरुद्ध भएको अवस्थामा पहिरो पन्छाई सडक सुचारु गर्न डोजर - थान २ तीन महिना (श्रावण, भाद्र र असोज) को लागि भाडामा लिनुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र (२०८० श्रावण २ गते दिनको ३ बजे भित्र) यस गाउँपालिकाको राजश्व शाखामा रु १,०००।०० अक्षरुपी रु एक हजार मात्र तिरी दरभाउ पत्र खरिद गरी नगदी रसिद सहिद तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य शिलबन्दी प्रस्ताव ( २०८० श्रावण ०३ गते दिनको ३ बजे भित्र) पेश गर्नुहुन अनुरोध छ

**दरभाउपत्र साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. फर्म दर्ता प्रमाण पत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी,

२. चालकको नागरिकता र चालक अनुमतिपत्रको प्रतिलिपी ,

३. डोजरको नवीकरण भएको विल वुक र तेस्रो पक्ष बीमाको प्रमाणित कागजातहरुको प्रतिलिपी,

४. यस कार्यालयबाट खरिद गरी भरेको फाराम प्रमाणित गरी सक्कल प्रति ।

**डोजर सम्बन्धी शर्तहरुः**

१. चालु अवस्थामा रहेको Backhoe Loader हुनुपर्ने ,

२. यस गाउँपालिकाका आठ वटै वडाको कुनै स्थानमा गएको पहिरो हटाई सडक सुचारु गर्नुपर्ने,

३. पहिरो नगएको अवस्थामा दैनिक न्यूनतम ४ घण्टा सडक मर्मत तथा सडकमा भएका खाल्डा पुर्ने वा कार्यालयले तोकेको अन्य कार्य समेत गर्नुपर्ने,

४. डोजरको ईन्धन, मर्मत खर्च र चालकको खर्च समेत स्वंयम डोजरधनीले व्यहोर्नुपर्ने छ । डोजर मर्मत गर्नुपर्ने भई एक दिन सम्म काम गर्न नसकेमा सो दिनको कार्य अर्को दिन गर्नुपर्ने र लगातार दुई दिन भन्दा बढी समय सम्म संचालनमा नआएको खण्डमा सो अवधीको लागत मूल्य घटाई भुक्तानी गरिने,

५. एउटा मात्र डोजर भएका फर्मले पनि दरभाउपत्र पेश गर्न सक्ने, एउटा मात्र डोजर भएको फर्मको मूल्य न्यूनतम भएमा सोही दरमा दोस्रो न्यूनतम मूल्य तोक्ने फर्मको डोजर भाडामा लिईने,

प्रमुख प्रशासकीय अधिकृत

# रिब्दीकोट गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

०७५६२००५५,०७५६९२३०७
Email: info@ribdikotmun.gov.np
Website: www.ribdikotmun.gov.np


प.सं. ०७९/०८०
च.नं.

६. डोजरको मासिक भाडा अधिकतम रु ३,००,०००।०० अक्षरुपी रु तीन लाख मात्र हुने, भाडा रकम प्रत्येक महिनाको अन्तिममा भुक्तानी गरिने र यो कारोबारमा हुने करको दायित्व सम्बन्धित फर्म वा डोजरधनीको हुने,

७. अन्य विषयहरु प्रचलित कानून बमोजिम हुने,

८. कार्यालयको हितलाई ध्यानमा राखी पेश भएका दरभाउपत्रहरु पूर्ण रुपमा वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयको हुनेछ ।

९. यस सम्बन्धी कुनै कुरा बुझ्नु परेमा यस कार्यालयका ईन्जिनियर पुरन कार्की (फोन नं.९८४७४८७९४५) सगँ सम्पर्क गर्न सकिने छ ।

२०८०/०३/१८

.................
(मदन अर्याल)
प्रमुख प्रशासकीय अधिकृत